# बाल अधिकार समिति, संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना** : बालबालिकाको सर्वोत्तम हितका लागि बाल अधिकारको सम्मान, संरक्षण, प्रर्वद्धन र परिपूर्ति गर्नु सरकारको दायित्व भएकाले पलााता गाउँपालिका कालिकोटले बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ जारी गरेको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम ''बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि पलाँता गाउँपालिकाले स्विकृत गरेपछि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।
ख) ''अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष  सम्झनु पर्छ ।
ग) ''उपाध्यक्ष" भन्नाले गाँउपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
घ) ''प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
ङ) '' कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।
च) '' गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।
छ) "न्यायिक समिति " भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ ।
ज) "बाल अधिकार समिति " भन्नाले बालबालिका ऐन २०७५ को दफा ६० उपदफा २ बमोजिमको गठित समिति सम्झनु पर्छ ।

पलाँता गाउँपालिका

झ) “बाल कल्याण अधिकारी ” भन्नाले बालबालिका ऐन २०७५ दफा ६० बमोजिमको अधिकारी सम्झनु पर्छ ।

ञ) “बालबालिका” भन्नाले नेपाल कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

ट) “संस्था” भन्नाले बाल गृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवा संचालनको निम्ति प्रचलित कानून बमोजिम दर्ता भई बाल संरक्षणको मापदण्ड बमोजिम संचालन गर्न योग्य संस्था सम्झनु पर्छ ।

ठ) “संयोजक ” भन्नाले गाउँपालिका बाल अधिकार समितिको संयोजकलाई सम्झनु पर्छ ।

ड) “सदस्य ” भन्नाले बाल अधिकार समितिको सदस्य सम्झनु पर्छ ।

ढ) “वडा बाल अधिकार समिति” भन्नाले परिच्छेद ३ को दफा ४ बमोजिम गठित समिति सम्झनु

“कोष ” भन्नाले आपतकालिन बाल उद्धार कोष संचालन निर्देशिका, २०६७ सम्झनु पर्छ ।

ण) “ मनोसामाजिक कार्यकर्ता” भन्नाले बाल संरक्षणका कार्यमा मनोसामाजिक सेवा प्रदान गर्नको लागि स्नातक तह उत्तिर्ण गरी मनोसामाजिक ज्ञान सम्बन्धी कम्तीमा १ महिनाको तालिम लिएको व्यक्ति सम्झनु पर्छ ।

त) “ सामाजिक कार्यकर्ता” भन्नाले सामाजिक कार्य विषयमा स्नातक तह उतिर्ण गरी बाल अधिकारको क्षेत्रमा कम्तिमा २ वर्ष कार्य अनुभव भएको व्यक्ति सम्झनु पर्छ ।

(थ) ‘‘जोखिम अवस्थामा रहेका बालबालिका” भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ :-

(१) अनाथ, हराएका वा वेवारिस अवस्थामा फेला परेका वा बाबु आमा वा संरक्षकबाट बन्चित भएका बालबालिका

(२) जोखिमपूर्ण श्रममा संलग्न वा ऋृणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रमबाट पीडित भएका बालबालिका,

(३) शारीरिक वा मानसिक यातना, भेदभाव, दूर्व्यवहारबाट पीडित भएका बालबालिका

(४) बाबु वाआमा कारागार वा हिरासतमा रहेका वा कुनै कसूरसँग सम्बन्धित रहेका कारणले बेवारीसे बालबालिका

(५) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेका बालबालिका

(६) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा भएका कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका

(७) अपाङ्गता भएका (क र ख वर्गका) बालबालिका

(८) बावु आमा वा संरक्षक गम्भीर अपाङ्गता वा अशक्तता भएको कारणले उचित हेरचाह नपाएका बालबालिका,

(९) वेचविखन तथा ओसार पसार, अपहरण वा शरीर बन्धकमा परेका बालबालिका,

(१०) एच.आई.भी.एड्स संक्रमित भएका वा अन्य कुनै प्रकारका दीर्घ रोगले ग्रसित बालबालिका

(११) लागु औषधको कुलतमा फसेका बालबालिका

(१२) गरिवीको दुष्चक्रमा बाँचेका बालबालिका

(१३) सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा दैवी विपतमा परेका बालबालिका

(१४) बालबालिका सम्वन्धी ऐन र नियमावली वा प्रचालित कानुनमा विशेष संरक्षणका आवश्यकता भनिएका बालबालिका

(१५) गाउँपालिका बाल अधिकार  समितिले तोकेका अन्य बालबालिका ।

:

## परिच्छेद–२

## उद्देश्य

**३. बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०६७ को उद्देश्य देहाय बमोजिम हुनेछ :–**

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्ने ।

(ख) बाल अधिकार समिति गठन र व्यवस्थापन गर्ने ।

(ग) बालबालिकालाई हानी हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, जोखिम, प्रथा-परम्परा न्यूनिकरण गर्ने ।

घ) बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक कार्यहरु गर्ने ।

(ङ) बालबालिकाको अभिलेख राख्ने घटना व्यवस्थापन गर्ने, सूचना तथा तथ्यांक संकलन गर्ने ।

(च) जोखिममा परेका बालबालिकाहरुको तत्काल राहत, उद्धार, मनोविमर्श, पुर्नस्थापना, पुर्नमिलन, एकिकरण गर्ने ।

पलाता गाउँपालिका

छ) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य रोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी गर्ने ।

ज) आवश्यक देखिएका संस्था खोल्न तथा नविकरण गर्नका लागि सिफारिस गर्ने ।

झ) बालबालिकासंग सम्बन्धीत संस्था तथा कार्यक्रमको अनुगमन, सुपरिवेक्षण, मूल्यांकन गर्ने ।

ञ) नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन र नियमावलीले तोकेका बाल अधिकार संरक्षण एवं प्रर्वद्धनका कार्यहरु गर्ने ।

**४. बाल अधिकार समिति संचालन र व्यवस्थापन कार्यविधि २०७६ को सिद्धान्त देहाय बमोजिम हुनेछ :-**

(क) बालबालिकाको सर्वोत्तम हित,

(ख) गोपनियताको हक,

(ग) बालमैत्री व्यवहार

(घ) सहभागिता र समन्वय

(ङ) विभेदरहित वातावरण

## परिच्छेद–३

## बाल अधिकार समितिको व्यवस्था

**५. बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ बमोजिम देहाय वमोजिमको बाल अधिकार समिति गठन गरिनेछ ।**

(क) गउँपालिकाको उपाध्यक्ष : संयोजक
(ख) वडा अध्यक्षहरु ११ जना : सदस्य
(ग) गाउँपालिका स्वास्थ्य शाखा संयोजक १ जना : सदस्य
(घ) प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि १ जना : सदस्य
(ङ) महिला शिक्षक प्रतिनिधि १ जना : सदस्य
(च) जिल्ला अस्पताल प्रमुख १ जना : सदस्य
(छ) शिक्षा शाखा संयोजक १जना : सदस्य
ज) बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स.मध्येबाट १ जना : सदस्य

झ) दलित, महिला, एकल महिला अधिकारकर्मी, अपांङ्गता भएका वर्ग समुदायको प्रतिनिधित्व हुने गरी २ जना : सदस्य

(ञ) संचारकर्मीहरु मध्येबाट १ जना : सदस्य

(ट) गाउँपालिका स्तरिय बाल संञ्जालबाट १ जना : सदस्य

ठ) महिला तथा बालबालिका शाखा प्रमुख वा बाल कल्याण अधिकारी : सदस्य सचिव ।

**६. बाल अधिकार समितिको पदावधि**

बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७६, परिच्छेद ३ को दफा ५ बमोजिम गठित बाल अधिकार समितिको पदावधि ४ वर्षको हुनेछ ।

**७. बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र बाल पार्श्वचित्र निर्माण गरी गाउँपालिकामा पेश गर्ने ।

(ख) गाउँपालिका स्तरीय बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने ।

(ग) बालबालिकाको हक हित संरक्षण र विकासका लागि दिर्घकालिन नीति, योजना, रणनीति र कार्ययोजना तर्जुमा गरि नगरपालिका समक्ष पेश गर्ने ।

(घ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्नुको साथै आवश्यक कार्यक्रम संचालनको लागि परामर्श, सुझाव तथा निर्देशन दिने ।

(ङ) गाउँपालिका स्तरिय संघसंस्था र बालबालिका सम्वन्धी समग्र कार्यक्रमको अनुगमन, मूल्यांकन, प्रगति प्रतिवेदन तयार गर्ने ।

च) गाउँपालिकामा बालमैत्री स्थानीय शासनका लागि तोकिएका सूचकहरु पुरा गर्न नेतृत्व तथा सहजिकरण गर्ने ।

(छ) गाउँपालिकामा आपतकालिन बाल उद्धारकोष सञ्चालन निर्देशिका, २०७६ कार्यान्वयन गर्ने ।

(ज) बाल अधिकार हननका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(झ) बाल सूचना केन्द्र स्थापना गर्ने, वार्षिक प्रगति प्रतिवेदन प्रकासन गर्ने ।

(ञ) बालबालिका सम्बन्धी प्रचलित ऐन कानुनले तोकेका सम्पूर्ण कार्यहरु सम्पादनका लागि समन्वय तथा सहकार्य गर्ने ।

**८. बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार**

पर्वत गाउँपालिका

ऐन र नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिका स्तरिय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

ख) गाउँपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको वैठकमा पेश गर्ने ।

ग) स्वीकृत राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति र योजना अनुरुप वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिकालाई सहयोग गर्ने ।

घ) बालबालिका सम्बन्धी समग्र गाउँपालिकाका तथ्यांक संकलन तथा प्रशोधन गरी/गराई वार्षिक स्थिति प्रतिवेदन तयार गरी समितिको स्वीकृतिले प्रकाशन गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र यसको एक/एक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद् समक्ष पेश गर्ने ।

ङ) गाउँपालिकामा नियुक्त तथा तोकिएका समाज सेवी तथा बाल मनोविज्ञलाई परिचालन गर्ने ।

च) आन्तरिक धर्मपुत्र, धर्मपुत्री लिने दिने व्यक्तिलाई नगर बाल अधिकार समितिमा सूचीकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने ।

छ) आन्तरिक धर्मपुत्र, धर्मपुत्री, संरक्षक र माथवर नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

ज) गाउँपालिका भित्र संचालनमा रहेका बाल गृह, बाल सुधार गृह, पुर्नस्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पुष्ठपोषण गर्ने र बन्द गर्न आवश्यक भएमा मन्त्रालयमा सिफारिस गर्ने ।

झ) बालबालिकाको हक हितको संरक्षण तथा शारीरिह र मानसिक विकास सम्बन्धी गाउँपालिकाको दिर्घकालिन नीति र योजना तर्जुमा गरी समितिको वैठकमा पेश गर्ने ।

ञ) समितिसंग सम्बन्धित मुद्दा मामिलाको सन्र्दभमा अदालत तथा न्यायिक समिति वा निकाय समिति वा निकायलाई जवाफ तथा प्रतिउत्तर दिने ।

ट) बालबालिकाको सर्वोत्तम हितका निम्ति  प्रचलित कानून बाल संरक्षण नीति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्बन्धित निकायसंग समन्वय, सहयोग, सहजीकरण तथा सहकार्य गर्ने ।

पर्सागाउँपालिका

ठ) कार्य सम्पादन सम्झौता बमोजिमको कार्य प्रगति प्रत्येक छ/छ महिनाको अवधिमा सम्बन्धित गाउँपालिकामाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

ड) वैकल्पिक हेरचाहको व्यवस्था सम्बन्धी सम्बन्धित व्यक्ति, परिवार, बालबालिका लगायतको सूचना विवरण राख्ने तथा अध्यावधिक गर्ने ।

ढ) गाउँपालिकामा घटेका बाल अधिकार हननका घटनाको अनुगमन र घटना व्यवस्थापन प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ण) संस्थागत स्याहारमा रहेका बालबालिकाको आवश्यकता अनुसार जन्म दर्ता गर्न र नागरिकता बनाउन सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

त) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**९. संरक्षक**

बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७६, परिच्छेद ३ को दफा ५ बमोजिम गठित बाल अधिकार समितिको संरक्षक पलाँता गाउँपालिका अध्यक्षको अध्यक्षतामा ३ सदस्ययी समिति रहनेछ ।

**१०. गाउँपालिका बाल अधिकार समितिको वैठक सम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक प्रत्येक ३ महिनामा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्न सकिनेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

**११. वडा बाल अधिकार समितिको गठन**

पलाँता गाउँपालिकाको प्रत्येक वडामा देहाय वमोजिमको वडा बालअधिकार समिति गठन गरिनेछ ।

(क) वडा अध्यक्ष : संयोजक

(ख) प्र.अ. शिक्षकहरु मध्येबाट १ जनाः सदस्य

(ग) विद्यालय व्यवस्थापन समिति मध्येबाट १ जना : सदस्य

घ) स्वास्थ्य एकाईबाट १ जना : सदस्य

(ङ) वडा बाल क्लव संजाल वा बालक्लवबाट १ छात्र र १ छात्रा सहित २ जना : सदस्य

च) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गै.स.स. मध्येबाट १ जनाः सदस्य

(छ) दलित महिला १ जना : सदस्य

ज) महिला स्वास्थ्य स्वयम्सेविकाहरु मध्येबाट १ जनाः सदस्य

पलाँता गाउँपालिका

झ) अपाङ्गता भएका व्यक्तिहरुबाट १ जनाः सदस्य
(ञ) वडाले तोकेको १ जना कर्मचारी : सदस्य सचिव ।

### १२. वडा बाल अधिकार समितिको पदावधि

बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि २०७६, परिच्छेद ३ को दफा ११ बमोजिम गठित वडा बाल अधिकार समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

### १३. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, समुदायमा आधारित संस्था बाल क्लव/बाल समुह, लगायतको फेहरिस्त तयार पार्ने र आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) गाउँपालिका र विकासका साझेदार संस्था सँगको बाल अधिकारमा आधारित कार्यक्रमको तर्जुमा गर्ने, कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने, कार्यक्रमको रेखदेख गर्ने, अनुगमन, मुल्याङ्कन गर्ने र प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्वर्द्धनको लागि कार्यक्रम संचालन गर्ने गराउने

(ङ) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) जोखिममा रहेका बालबालिकाको उद्धार र पुर्नस्थापनाको लागि आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(ज) प्रचलित कानुन बमोजिम बालबालिकाका अन्य कार्यक्रमहरु संचालन गर्ने गराउने ।

### १४. वडा समितिको वैठक सम्बन्धी कार्यविधिः

(क) समितिको वैठक कम्तीमा ३ महिनाको एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(ख) वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) बैठकमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

पलाता गाउँपालिका

**परिच्छेद–४**

**विविध**

**१४. बाधा अड्काउ फुकाउने अधिकार :**

यस कार्यविधि सम्बन्धमा कुनै बाधा अड्चन परेमा बाल अधिकार समितिको वैठकले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

पलाँता गाँउपालिका